# सोलुखुम्बु कृषि गतिविधि

**कृषि ज्ञान केन्द्र सोलुखुम्बुको द्वैमासिक प्रकाशन**

कृषि मूलश्च जीबनम्  *The Solukhumbu Agricultrue Activities*

बर्ष २ | अङ्क ५ | चैत्र/बैशाख २०७८/०७९



**संरक्षक :**

श्री दुर्गा बहादुर तिरुवा,
कृषि प्रसार अधिकृत

**सम्पादक :**

श्री बबि बस्नेत
बाली संरक्षण अधिकृत
श्री प्रदिप कुमार यादव
कृषि प्रसार अधिकृत
श्री कुल बहादुर राई
अधिकृत स्तर छैटौं
श्री आदर्श कुमार सिंह
प्राविधिक स्तर पाँचौं

**मुद्रण :**

ज्वालामाई अफसेट प्रेस
फोन नं. ०३८-५२०३८९
ईमेल :
ychamling@gmail.com


## सम्पादकीय

हाम्रो देश नेपालको “समृद्ध नेपाल र सुखी नेपाली” अहिलेको प्रमुख नारा हो। यसलाई आ-आफ्नो स्थानबाट पुरा गर्नु हामी सबैको दायित्व हो। उत्पादन बिनाको समृद्धिलाई कल्पना गर्न सकिदैन। कृषि उत्पादनको प्रमुख साधनहरु भूमि, श्रम, पुँजी र यसको व्यवस्थापनको तौर तरिकाले समृद्धिको राष्ट्रिय लक्ष्यलाई परितोषण गर्दछ। हाल कृषि क्षेत्रको वार्षिक वृद्धिदर २.७२ र कुल ग्राहस्थ उत्पादनको वृद्धिदर ६.२९ (आर्थिक सर्वेक्षण २०७४/७५) रहेको छ। कृषि क्षेत्रले नेपालको ठुलो स्थानलाई ओगटेको छ। कुल ग्राहस्थ उत्पादनमा लगभग २७.१० अर्थात एक तिहाई भाग कृषिको योगदान रहेको छ भने अधिकाश मानिसहरुको जिवनस्तर निर्वाह गर्न, रोजकारी तथा आयआर्जनको मुख्य स्रोत बन्न र खाद्य तथा पोषण सुरक्षामा महत्वपूर्ण भूमिका खेल्दछ। हाल कृषि क्षेत्रको विकास गर्नको निम्ती विभिन्न विज्ञान तथा प्रविधिहरुको विकास भएता पनि कृषि क्षेत्रको प्रतिफल निकै कम भएको पाईन्छ। कृषिको बढ्दो माग र उक्त मागलाई पूरा गर्न नसक्नु निम्न त्रिपक्षीय कुराहरुले प्रत्यक्षरुपमा असर गर्दछ, जनसंख्या वृद्धि र खाने आनीबानीमा परिर्वतन, जमिनको घट्दो क्षेत्रफल, विभिन्न प्रकोप र जलवायु परिवर्तनको असर। नेपालको इतिहासमा कृषि विभागको स्थापना कालदेखि नै कृषि प्रविधि प्रसारलाई कृषि उत्पादनको एउटा प्रमुख रणनितिको रुपमा अवलम्वन गरिदै आएको हो। यस्तो परिवेशमा कृषिको उत्पादन र उत्पादकत्व बढाउन विगत देखि गरिएका अभ्यास र आगामी रणनीतिहरुको महत्वपूर्ण भूमिका रहेको पाईन्छ। नेपालको कृषि क्षेत्रको वर्तमान समस्याहरु श्रमशक्तिको अभाव, कम प्रतिस्पर्धि तथा कम फाइदाजनक, जलवायु परिवर्तन, प्रविधि विकास तथा अनुसरणको सुस्त गति र भूमि सम्बन्धीका समस्याले गर्दा खाद्य सुरक्षा तथा पोषण सुधारमा बढ्दो चुनौती भएको छ। कृषि क्षेत्रको विकास नहुनुमा कृषकको अवस्था, सरकारको नीतिनियम तथा नेपालको भौगोलिक बनौटले गर्दा प्रत्यक्ष रुपमा असर गरेको छ। हाल सोलुखुम्बु जिल्लाका विभिन्न पालिकाहरुमा कमन आर्मी ओर्म तथा ग्रिन सेमीलुपर किराको प्रकोप आलु तथा मकै बालीमा व्यापक देखिएको हुदा उत्त किरा नियन्त्रणको लागि कृषि ज्ञान केन्द्र सोलुखुम्बुको विशेष पहलमा र स्थानिय तहको कृषि शाखाको सयोजकत्वमा नियन्त्रण भयो र हाल कृषि ज्ञान केन्द्र सोलुखुम्बुको स्वीकृत बार्षिक कार्ययोजना अनुसार चालु आ.व.२०७८/०७९ मा सम्पादन हुने कार्यक्रम एवं क्रियाकलापहरु द्वैमासिक रुपमा सरोकारबाला सबैमा जानकारी होस् भन्ने शुभेच्छाले सोलुखुम्बु कृषि गतिबिधि भन्ने द्वैमासिक पत्रिका प्रकाशनमा ल्याएको छ। आशा छ कृषि ज्ञान केन्द्र सोलुखुम्बुले द्वैमासिक रुपमा प्रकाशन गर्ने यस सोलुखुम्बु कृषि गतिबिधीले कृषि क्षेत्रलाई माया, प्रेम र सद्भाव राख्नु हुने सबैलाई सोलुखुम्बु जिल्लाको कृषि क्षेत्रको केही हदसम्म भए पनि जानकारी उपलब्ध गराउने छ। यस प्रकाशनको सम्बन्धमा पाठकहरुबाट प्राप्त हुने रचनात्मक राय, सुझाव र प्रतिकृयाहरु पठाई आगामी दिनमा यस प्रकाशन लाई थप परिष्कृत बनाउन सहयोग पुग्ने छ भन्ने आशा लिएको छु।


प्रदेश सरकार
प्रदेश नं. १
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र सोलुखुम्बु**

फोन नं. : ०३८-५२०१३०, ९८५२८५११३०
ई-मेल : akcsolukhumbu@gmail.com


### यस भित्र :-


- कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व.२०७८/०७९ को अनुदानग्राही छनौटको विवरण।
- आकस्मिक प्रकोप सहयोग कार्यक्रम
- विभिन्न स्थानमा प्लान्ट क्लिनिक कार्यक्रम संचालन
- जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम
- ओखरमा लाग्ने फेद र जरा कुहिने रोग

# कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व.२०७८/०७९ को अनुदानग्राही छनौटको विवरण।

प्रदेश सरकार
प्रदेश नं. १
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र सोलुखुम्बु

सल्लेरी, सोलुखुम्बु

प. सं. ०७८/७९
च.नं.

नं.१ प्रदेश, नेपाल
मितिः२०७८/१२/२०

विषयः छनौंट सूचिमा परेका अनुदानग्राहीहरुको विवरण सम्बन्धमा।

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. ०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार मिति २०७८/०५/०७ गते प्रकाशित सूचना अनुसार प्रस्ताव पेश गर्ने कृषक समुह/ कृषि सहकारी संस्था लि./ निजी कृषि फार्म तथा कृषक उद्यमीहरुको प्राविधिक समिति मार्फत स्थलगत फिल्ड अनुगमनको मुल्याङ्कन, कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ (पहिलो सशोंधन २०७७/१२/११), प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन २०७७ र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८ (पहिलो सशोंधन २०७८/१२/०९), को दफा ९ को उपदफा १ बमोजिम जिल्लास्तर अनुदानग्राही छनौट समितिको बैठकबाट फिल्ड प्रतिवेदन र मूल्यांकन सूचकको आधारमा अधिक अंक प्राप्त गर्ने तथा वैकल्पिक आवेदकहरु छनौट गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

साथै छनौट भएका अनुदानग्राहीहरु उपर कोही कसैको गुनासो तथा उजुरी भएमा छनौट भएको मितिले ७ दिन (२०७८/१२/२६ गते) भित्र कार्यालय समयमा लिखित रुपमा पेश गर्न र छनौट भएका अनुदानग्राहीहरु उपर कोही कसैको गुनासो तथा उजुरी नभएमा म्याद समाप्त भएको मितिले १५ दिन (२०७९/०१/११ गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित सम्झौता गर्न आउनुहुन समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

(दुर्गा बहादुर तिरुवा)
निमित्त प्रमुख

तपसिलः

१. मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम संचालनको लागि छनौट भएको प्रस्तावहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | अनुदान रकम (हजारमा) |
|---|---|---|---|---|
| १ | नवलाली गुँरास कृषि सहकारी संस्था लि. | सोलु दु.न.पा.११ | प्रेम कुमार कार्की | ३१५० |

२. कागती खेती मिसन कार्यक्रमको संचालनको लागि छनौट भएका प्रस्तावहरुः

| क्र.सं. | प्रस्ताव पेश गर्ने आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | अनुदान रकम (हजारमा) |
|---|---|---|---|---|
| १ | गंगा जमुना कृषि तथा पशु फार्म | थुलुङ दुधकोशी-८ | मणि कर्ण राई | २५० |
| २ | केजि एभेरेष्ट बहुउध्देश्य कृषि फार्म | माप्य दुधकोशी-२ | प्रदिप राई | २५० |
| ३ | मानिदो कृषि तथा पशु पार्म | महाकुलुङ-३ | भुपालधोज राई | २५० |
| ४ | जनचेतना बहुउदेश्यीय कृषि तथा पशु फार्म | थुलुङ दुधकोशी-४ | खड्क बहादुर बस्नेत | २५० |

३. युवा लक्षित च्याउ/ मह तथा तरकारी उत्पादन कार्यक्रम सञ्चालनको लागि छनौंट भएका प्रस्तावहरुः

| क्र.सं. | कृषकको नाम थर | ठेगाना | कृषकको नाम थर | अनुदान रकम (हजारमा) |
|---|---|---|---|---|
| १ | गोठबिर राई | माप्यदुधकोशी-४ | गोठबिर राई | १०० |
| २ | डिल्लीराम राई | थुलुङदुधकोशी-७ | डिल्लीराम राई | १०० |
| ३ | दल बहादुर खत्रि | थुलुङदुधकोशी-१ | दल बहादुर खत्रि | १०० |
| ४ | भुपाल राई | नेचासल्यान-२ | भुपाल राई | १०० |
| ५ | ललित राई | नेचासल्यान-२ | ललित राई | १०० |
| ६ | हरी बहादुर थापा | थुलुङदुधकोशी-१ | हरी बहादुर थापा | १०० |
| ७ | प्रदिप राज भण्डारी | सो.दु.न.पा.-४ | प्रदिपराज भण्डारी | १०० |
| ८ | भुपेन्द्र बस्नेत | सो.दु.न.पा.-४ | भुपेन्द्र बस्नेत | १०० |
| ९ | लामा दोर्जि शेर्पा | सो.दु.न.पा.- ६ | लामा दोर्जि शेर्पा | १०० |
| १० | बाल कुमार राई | नेचासल्यान-२ | बाल कुमार राई | १०० |
| ११ | कुल बहादुर बस्नेत | सो.दु.न.पा.- ७ | कुलबहादुर बस्नेत | १०० |
| १२ | बिर्खराज विक | माप्यदुधकोशी-४ | बिर्खराज विक | १०० |
| १३ | चुलेन्द्र भट्टराई | नेचासल्यान- २ | चुलेन्द्र भट्टराई | १०० |
| १४ | गोपाल विश्वकर्मा | थुलुङदुधकोशी ७ | गोपाल विश्वकर्मा | १०० |
| १५ | शुक्रम तामाङ | सो.दु.न.पा.- ४ | शुक्रम तामाङ | १०० |
| १६ | लाक्पासाङ्गे शेर्पा | सो.दु.न.पा-२ | लाक्पासाङ्गे शेर्पा | १०० |
| १७ | सोनाम दावा तामाङ | सो.दु.न.पा- ९ | सोनाम दावा तामाङ | १०० |
| १८ | पूर्ण बहादुर बस्नेत | थुलुङदुधकोशी-२ | पूर्ण बहादुर बस्नेत | १०० |
| १९ | प्रेम कुमार राई | सो.दु.न.पा-१ | प्रेम कुमार राई | १०० |
| २० | पसी शेर्पा | सो.दु.न.पा.-५ | पसी शेर्पा | १०० |
| २१ | याम बहादुर कार्की | सो.दु.न.पा.-७ | यामबहादुर कार्की | १०० |
| २२ | शेर बहादुर लामीछाने | सो.दु.न.पा.-७ | शेरबहादुर लामीछाने | १०० |
| २३ | मणिराम राई | थुलुङदुधकोशी-८ | मणिराम राई | १०० |
| २४ | संगम राई | थुलुङदुधकोशी-७ | संगम राई | १०० |
| २५ | अनुज कार्की | थुलुङदुधकोशी-२ | अनुज कार्की | १०० |
| २६ | फुर्वा तेञ्जी शेर्पा | सोलुदुधकुन्ड-३ | फुर्वातेञ्जी शेर्पा | १०० |
| २७ | आभाष कृषि तथा पशुपंछी फार्म | थुलुङदुधकोशी-५ | केशव कार्की | १०० |
| २८ | रोलिम बहुउदेश्यीय कृषि तथा पशु फार्म | थुलुङदुधकोशी-३ | निशान राई | १०० |
| २९ | रुपेश बहुउदेश्यीय कृषि तथा पशु फार्म | थुलुङदुधकोशी-३ | रुपेश कार्की | १०० |
| ३० | श्री सिगल कृषि तथा पशु फार्म | थुलुङदुधकोशी-३ | रेखा राई | १०० |
| बैकल्पिक प्रस्तवहरुः | | | | |
| १ | युवराज बस्नेत | थुलुङदुधकोशी-१ | युवराज बस्नेत | |
| २ | टंक बहादुर बिश्वकर्मा | माप्यदुधकोशी-४ | टंक ब. बिश्वकर्मा | |
| ३ | दिल कुमार कामि | सो.दु.न.पा.- ४ | दिल कुमार कामि | |

४. एक पालिका एक नर्सरी स्थापना सहयोग कार्यक्रमको लागि छनौंट भएको प्रस्तावहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने आवेदकको नाम | ठेगाना | सम्पर्क व्याक्ति | अनुदान रकम (हजारमा) |
|---|---|---|---|---|
| १ | संयोग बहुउध्देश्य कृषि तथा पशु फार्म | लिखु पिके ४ | चन्द्रकुमारी बस्नेत | १५० |
| २ | सेवाके बहुउद्धेशिय कृषि फार्म | महाकुलुङ १ | चतुरकुमार राई | १५० |
| ३ | सेकारसिं कृषि फार्म | सोलुदुधकुण्ड ७ | दानु शेर्पा | १५० |
| ५ | टसीदेले कृषि फार्म | सोलुदुधकुण्ड २ | कान्छा शेर्वा | १५० |

निमित्त प्रमुख

५. नमुना कृषि फार्म स्थापना कार्यक्रम संचालनको लागी छनौट भएका प्रस्तावहरु

| क्र.सं. | फर्मको नाम | ठेगाना | कृषकको नाम थर | अनुदान रकम (हजारमा) |
|---|---|---|---|---|
| १ | सुनाखरी बहुउद्धेशिय कृषि तथा पशु फार्म | सो.दु.न.पा.-१ | रोशन राई | ५०० |
| २ | कोशीलुङ रेथान कृषि तथा पशु फार्म | थुलुङ दुधकोशी७ | धौलागीरी राई | ३०० |
| ३ | रितिक बहुउद्धेशिय कृषि फार्म | थुलुङ दुधकोशी २ | ईन्द्रमाया लामिछाने | ६०० |
| ४ | फराक कृषि तथा पशुपालन फार्म | खुम्बुपासाङल्हमु ३ | सेरा तेन्जि शेर्पा | ६०० |
| ५ | भेन्जमिन अलैची कृषि फार्म | सोताङ २ | पेमा सोनाम शेर्पा | ३०० |
| ६ | शेर्पा बहुउद्धेशिय कृषि तथा पशुपंछी फार्म | महाकुलुङ ५ | डिमा शेर्पा | ५०० |

नोटः नमुना कृषि फार्म स्थापना कार्यक्रम संचालनको लागी बालीको लगाउने समय तथा प्रकृति, कृषकको प्रस्तावना र खर्च गर्न सक्ने आधारमा बजेट विनियोजन गरिएको छ ।

निमित्त प्रमुख

## आकस्मिक प्रकोप सहयोग कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार आकस्मिक प्रकोप सहयोग कार्यक्रम थुलुङ दुधकोशी गाँउपालिका वडा नं. २ काँगेलमा मिति २०७९/०१/११ गते का दिन कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आर्थिक तथा प्राविधिक सहयोगमा र थुलुङ दुधकोशी गाँउपालिकाको कृषि शाखाको संयोजकमा आलु तथा मकै बालीमा कमन आर्मी ओर्म र ग्रिन सेमी लुपरको प्रकोप नियन्त्रण गर्न केही विषादि, स्प्रेयर वितरण तथा विषादी प्रयोग सम्बन्धि व्यहारिक ज्ञान सिकाईएको थियो ।






## विभिन्न स्थानमा प्लान्ट क्लिनिक कार्यक्रम संचालन

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार बाली उपचार शिविर कार्यक्रम माप्य दुधकोशी गाँउपालिका वडा नं. ३ र ४ मा मिति २०७९/०१/११ गतेका दिन कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आर्थिक तथा प्राविधिक सहयोगमा र माप्य दुधकोशी गाँउपालिकाको कृषि शाखाको संयोजकत्वमा आलु तथा मकै बालीमा कमन आर्मी ओर्म र ग्रिन सेमी लुपरको प्रकोप नियन्त्रण गर्न केही विषादि, स्प्रेयर वितरण तथा विषादी प्रयोग सम्बन्धि व्यहारिक ज्ञान दिनुका साथै आवश्यक पर्ने निम आयल, फेरोमोन ट्र्याप, ट्राईकोड्रमा, पहेंको पासो, न्यु लाईट झोल आदि वितरण गरिएको थियो।साथै त्यस कार्यक्रममा कृषकको समस्या उपर उचित परामर्श पनि दिएको थियो ।







## जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम सोलुदुधकुण्ड न.पा.को वडा नं.११ पेकारनास-तिङ्लामा पेकारनास महिला विकास समितिको समन्वय र कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आर्थिक तथा प्राविधिक सहयोगमा मिति २०७९/०१/२१ गतेका झोलमल बनाउने सैद्धान्तिक तथा व्यहारिक ज्ञान सिकाउनुको साथै निम विषादि, जैविक विषादि, ढुसिनासक विषादि तथा स्प्रयेर वितरण गरियो। गार्मा मा.वि. मा कृषि अध्यनरत विधार्थीहरुलाई समावेश गरी सैद्धान्तिक तथा व्यहारिक ज्ञान दियौं।








प्रदिप कुमार यादव
कृषि प्रासर अधिकृत

# ओखरमा लाग्ने फेद र जरा कुहिने रोग
# (Foot and Root rot disease)

## परिचय

ओखरबोटको जरा र फेद कुहाँउने यो रोग माटोमा पाउने Phytopthora sp. नामको ढुसीको बिभिन्न प्रजातीहरुबाट लाग्दछ । यो रोगले विरुवाको जरा र काण्ड कुहाउने गर्छ । पानी जम्ने जग्गामा यो रोगको प्रकोप बढी हुन्छ । उच्च तापक्रम र चिस्यानले यो रोगको बृद्धि र विकासको लागि अनुकुल वातावरणको सृजना गर्नेभएकोले मनसुनको वेला यस रोगको प्रकोप बढी हुन्छ। बर्षाको पानी अथवा सिंचाईको पानीको माध्यमबाट रोगको जिवाणुहरु मुल काण्डको जमिनको सतहको बोक्रा, घाँउ र खटिरामा प्रवेश गरी जरा सम्म पुग्दछ र आक्रमन गर्दछ । यसरी बोटको जराहरुलाई कुहाँउन थाल्दछ र विरुवा कमजोर बनाँउछ ।

## लक्षणहरु

- यो रोगले जरा, जमिनको सतह वरिपरि देखि ६० से.मि. माथिसम्मको फेद कुहाँउदछ ।
- सुरुमा माटोमा सतहसँग जोडिएको फेदमा आक्रमन हुन्छ
- सुरुमा पानीले भिजेको जस्तो खैरो-काला दागहरु देखिन्छ र पछि त्यस स्थानबाट बोक्रहरु मरेर झर्छ।
- रोगको प्रकोप भए पछि पातहरु पहेलिनु र झर्ने ।
- जरा कुहिएको भाग तिरबाट हाँगाका टुप्पा सुक्दै जाने र पछि बोट ने सुकेर जान्छ ।
- बोटको फेद वरिपरिको भागमा पहेलो रंगमा कुहिएको ढुसी देखा पर्ने ।

### व्यवस्थापन विधि

- Northern California Black प्रजातीहरुको रुटस्टकहरुमा कलमी गरेको बिरुवा प्रयोग गर्ने ।
- पानी निकासको राम्रो व्यवस्था गर्ने र पानी जमन नदिने ।
- कलमी बिरुवामा रुटस्टक र साईनको जोडाई जरा देखि २०-२५ से. मि को उचाइमा भएको निश्चित गरि मात्र बिरुवाको छनौट गर्ने।
- खनजोत गर्दा जरामा चोटपटक लाग्न नदिने
- रोग लागी सकेका जराहरुलाई तुरुन्त हटाई सफा गर्ने जसले गर्दा रोग फैलन पाउँदैन।
- नियमित रुपमा हरेक बर्ष हिउँदमा बोटको फेद सफा गरी आडधा मिटर माथिसम्म बर्डोपेस्ट लगाँउने।
- रोगग्रस्त नर्सरीमा उत्पादित बिरुवाको प्रयोग नगर्ने।
- रोग लागि सकेको भए १% कव बोर्डोमिश्रण (१० ग्राम निलोतुथो १० ग्राम चुना र १ लि. पानीका दरले बनाएको मिश्रण) ले फेदको जरा खोतलि बेतली बनाएर माटोको उपचार गर्ने।
- कपर अक्सिक्लोराइड ढुसी नासक विषादी २.५ ग्राम प्रति लिटर पानीमा मिसाएर माटो भिज्ने गरी दुई पटक प्रयोग गर्ने।

